apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २३१ ● पृष्ठः ४ ● २१ भदौ २०८३ आइतबार (06 September 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## रसुवा बाढीमा मानवीय क्षति १ हजार ३३१, ५ हजार अझै सम्पर्कविहीन

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २० गते**



रसुवा लगायतका क्षेत्रमा आएको बाढी तथा पहिरोमा परी हालसम्म १ हजार ३३१ जनाको मानवीय क्षति भएको छ भने ५ हजार जना अझै सम्पर्कविहीन रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।

प्राधिकरणले बिहीबार साँझ ६ बजेसम्म सार्वजनिक गरेको खोज, उद्धार तथा राहतसम्बन्धी विवरणअनुसार रसुवामा १५६, नुवाकोटमा १९५, धादिङमा ६७, गोरखामा ७४, तनहुँमा ३८, नवलपरासी पूर्वमा २२२, नवलपरासी पश्चिममा २१९ र चितवनमा ३६० जनाको शव फेला परेको छ।

प्राधिकरणका अनुसार विभिन्न स्थानबाट हालसम्म १३ हजार १०१ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये नेपाली सेनाले हेलिकोप्टर तथा स्थलगत मार्फत विदेशी २७५ जना र नेपाली ३ हजार ८८७ जनाको उद्धार गरेको जनाएको छ।

नेपाल प्रहरीले ४ हजार ६८ र सशस्त्र प्रहरी बल संयुक्त ४ हजार ८७१ जनाको उद्धार गरेको जनाएको छ।

बाढी तथा पहिरोमा परी उपचार गरिएका घाइते संख्या ५ हजार ९२९ जनाको उपचार गरिएको छ। विभिन्न अस्पतालमा उपचार भएको ३१६ जना, नेपाली सेनाबाट ३ हजार २९७ जना र सशस्त्र प्रहरीबाट २ हजार ३१६ जनालाई स्वास्थ्य उपचार उपलब्ध गराइएको प्राधिकरणको विवरणमा उल्लेख छ।

विपद्पछि खोज तथा उद्धारका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बल नेपालसहित २१ हजार ४६५ सुरक्षाकर्मी परिचालन गरिएको छ। जसमा नेपाल प्रहरीका ७ हजार ९७५, नेपाली सेनाका ९ हजार २८७ र सशस्त्र प्रहरी बल नेपालका ४ हजार २०३ जना छन्। रसुवा, नुवाकोट, धादिङ्ग र काठमाडौं गरी ४१ वटा होल्डिंग सेन्टरमा कुल ३ हजार ९८२ जना रहेका विवरणमा उल्लेख छ।

उद्धार तथा राहतका लागि प्रभावित क्षेत्रमा हालसम्म ८३ ट्रक र ३८ बोलेरो मार्फत खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ। हेलिकोप्टरबाट समेत राहत सामग्री प्रभावित क्षेत्रमा पठाइएको प्राधिकरणले जनाएको छ।

विपद् प्रभावित क्षेत्रमा ५७ हजार लिटर डिजेल, २० हजार लिटर पेट्रोल र १३ हजार लिटर हवाई इन्धन मौज्दात रहेको विवरणमा उल्लेख छ।

यसैगरी, सरकारले रसुवाका लागि १ करोड, नुवाकोटका लागि १ करोड र धादिङका लागि ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराएको छ। प्रभावित १५ पालिकाका लागि १३ करोड ५० लाख रुपैयाँ निकासा गरिएको प्राधिकरणले जनाएको छ।

सम्पर्कविहीनमध्ये नेपाली तथा विदेशी नागरिकसमेत रहेका

बाँकी पृष्ठ २ ▸▸

## छोरीको मुहार हेर्दै पूजाको पुकार- 'बाबालाई सकुशल फर्काइदिनुहोस् भगवान्'



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २० गते**

भोटेकोशी बाढीपछि श्रीमान् अयज सिंह सम्पर्कविहीन भएपछि पूजा साहका लागि बितेका ११ दिन मानौं वर्षौंजस्ता बनेका छन्। हरेक दिन श्रीमान् फर्किने आशामा बाटो हेर्दै बसेकी पूजा अब प्रार्थनामा मात्रै अडिएकी छन्।

सम्पर्कविहीन श्रीमानको अवस्था अज्ञात हुँदा परिवारमा पीडा र बेचैनी थपिँदै गएको छ। न श्रीमानको कुनै खबर आएको छ, न उहाँ कहाँ हुनुहुन्छ भन्ने जानकारी नै पाउन सकेकी छन्। यही अनिश्चितताबीच पूजाले शनिबार सामाजिक सञ्जाल फेसबुकमा आफ्नी छोरीको तस्बिर राख्दै मन छुने शब्दमा आफ्नो पीडा पोखिन्।

'बुढो, कति ढिला गरेको भगवान्,' भन्दै उनले लेखेकी छन्, 'जति कष्ट लेखिएको थियो, त्यो पनि भोगिसक्यौं।

बाँकी पृष्ठ ३ ▸▸

## दुई दशकदेखि जीर्ण सिद्धिचरण लोकमार्ग अब बन्ने, ३ अर्ब ९४ करोडको ठेक्का प्रक्रिया अघि बढ्यो



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २० गते**

सिरहाको मिर्चयादेखि उदयपुरको कटारी हुँदै ओखलढुंगा र सोलुखुम्बु जोड्ने सिद्धिचरण लोकमार्गको कटारी-घुर्मी खण्ड स्तरोन्नति हुने भएको छ। दुई दशकदेखि जीर्ण अवस्थामा रहेको सडक स्तरोन्नतिका लागि सरकारले ३ अर्ब ९४ करोड ५४ लाख ९८ हजार २ सय ९१ रुपैयाँ बजेट सुनिश्चित गरेपछि ठेक्का प्रक्रिया अघि बढेको हो।

कटारीको मरुवादेखि घुर्मीसम्मको ४६ किलोमिटर सडकमध्ये पहिलो चरणमा मरुवा-बेतिनी १५ किलोमिटर र बेतिनी-गहुँबारी १२.५ किलोमिटर गरी २७.५ किलोमिटर सडक स्तरोन्नति गरिनेछ। उक्त कामका लागि ५७ वटा बोलपत्र परेको र मूल्यांकनपछि आशयपत्र प्रकाशन गर्ने तयारी भइरहेको योजना प्रमुख डीई विवेक पाण्डेले बताए।

उनका अनुसार दसैंअघि ठेक्का सम्झौता गरी दसैं-तिहारलगत्तै निर्माण सुरु गर्ने तयारी छ। बाँकी गहुँबारी-घुर्मी १२.५ किलोमिटर सडकका लागि आगामी वर्ष बजेट

बाँकी पृष्ठ ३ ▸▸

## बाढीपीडितका लागि सांसद बरबरियाले एक महिनाको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दिने

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २० गते**



भोटेकोशी, त्रिशूली तथा नारायणी नदीमा आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन र नवलपुरलगायतका जिल्लामा भएको ठूलो जनधनको क्षतिप्रति प्रतिनिधि सभा सदस्य जोग कुमार बरबरिया यादवले गहिरो दुःख व्यक्त गरेका छन्।

बाढी तथा विपद्मा परी ज्यान गुमाएका सम्पूर्ण नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सांसद यादवले शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गरेका छन्।

उनले बाढीका कारण बेपत्ता भएका नागरिकहरूको शीघ्र खोजी गरी सकुशल उद्धार गर्न तथा घाइतेहरूको प्रभावकारी उपचारको व्यवस्था गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन्। साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेका छन्।

यस कठिन घडीमा बाढीपीडित नागरिकहरूप्रति ऐक्यबद्धता जनाउँदै सांसद यादवले आफ्नो एक महिनाको सांसद तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गर्ने घोषणा गरेका

बाँकी पृष्ठ ४ ▸▸

## सिरहामा स्रोत नखुलेको तेह्र लाखभन्दा बढी रुपैयाँसहित एकजना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २० गते**

सिरहा प्रहरीले स्रोत नखुलेको तेह्र लाख रुपैयाँभन्दा बढी रकमसहित सिरहा सदरमुकामबाट एकजनालाई पक्राउ गरिएको जनाएको छ। विशेष सूचनाको आधारमा सिरहा नगरपालिका- ७, हेमनारायण चोकनजिकबाट प्रहरीले बिहीबार साँझ १३ लाख ९२ हजार चार सय रुपैयाँसहित सिरहा- २ का करिब ३५ वर्षीय जितेन्द्र महासेठलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार महासेठले बोकेको झोला खानतलासी गर्दा एक हजार रुपैयाँ दरका एक हजार ९२ वटा, पाँच सय रुपैयाँ दरका ५९९ र एक सय रुपैयाँ र ५० रुपैयाँ दरका ६-६ गरी १३ लाख ९२ हजार चार सय रुपैयाँ बरामद भएको छ।

स्रोत नखुलेको रकम बरामद भएपछि उनलाई रकमसहित जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। उक्त रकमको विषयमा पक्राउ गरिएका व्यक्तिले कुनै प्रमाण वा कागजपत्र पेस गर्न नसकेको प्रहरीको दाबी छ।

प्रहरीका अनुसार उक्त रकम हुनडी कारोबारको हुन सक्ने अनुमान गरिएको छ।

## खेलकुद विकासमा सहयोग गर्ने मेयरको प्रतिबद्धता

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ २० गते**




सिरहाको गोलबजार नगरपालिकाका मेयर श्यामकुमार श्रेष्ठले नगरपालिकाले खेलकुदको विकास र प्रवर्धनलाई प्राथमिकतामा राख्दै आवश्यक सहयोग गर्दै जाने बताएका छन्।

गोलबजारमा जारी मधेश प्रदेशस्तरीय सितोरियो कराँतेको 'ब्ल्याक बेल्ट दीक्षान्त तथा अपग्रेडिङ' कार्यक्रम उद्घाटन गर्दै मेयर श्रेष्ठले कराँतेलगायत खेलकुद क्षेत्रको विकासमा नगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे।

सितोरियो कराँतेले अनुशासन र आत्मरक्षाको भावना विकास गर्ने उल्लेख गर्दै उनले खेलाडीहरूको अनुशासनले समाजलाई समेत सकारात्मक दिशातर्फ अघि बढाउन सहयोग पुग्ने बताए।

उनले दशैं-तिहारको बीचमा प्रतियोगिता आयोजना गर्ने गरी तयारी गर्न खेलाडी तथा आयोजकलाई आग्रह गर्दै त्यसका लागि नगरपालिकामा प्रस्ताव पेस गर्न सुझाव दिए। प्रस्तावअनुसार नगरपालिकाले आवश्यक सहयोग गर्ने उनको भनाइ थियो।

मेयर श्रेष्ठले कराँतेसँगै फुटबल र क्रिकेटको विकासमा पनि नगरपालिकाले निरन्तर सहयोग गर्ने बताए।

कार्यक्रममा गोलबजार नगरपालिका -७ का पूर्ववडाध्यक्ष जगत श्रेष्ठले सितोरियो कराँतेले व्यक्तिमा अनुशासन र आत्मरक्षाको क्षमता विकास गर्नुका साथै खेलाडी तथा क्षेत्रलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा चिनाउन योगदान पुर्‍याउने बताए। उनले खेलकुदको समुचित विकासका लागि संघीय, प्रदेश र स्थानीय सरकारले थप लगानी गर्नुपर्नेमा जोड दिए।

नेपाल सितोरियो कराँते संघ, मधेश प्रदेशका सचिव कसम लामाका अनुसार दीक्षान्त तथा अपग्रेडिङ समारोहमा मधेश प्रदेशका आठ जिल्ला तथा उदयपुरको कटारीसहित विभिन्न स्थानका करिब १५० खेलाडी सहभागी छन्।

संघका प्रदेश उपाध्यक्ष

बाँकी पृष्ठ ३ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# 'नेपालको प्रलय' संसारलाई सुनाउने 'गोल्डेन चान्स'मा बालेन



प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा जाने तयारी गरिरहेका छन् । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार प्रधानमन्त्री बालेनले महासभामा उठाउने विषयबारे पनि छलफल गरिरहेका छन्।

प्रधानमन्त्री बालेन महासभामा जाने पक्षमा थिएनन्। विगतमा प्रधानमन्त्री तहबाट नै महासभामा सहभागी हुने अभ्यास थियो। जेन-जी आन्दोलनपछि प्रधानमन्त्री भएकी सुशीला कार्कीबाहेक हरेकजसो प्रधानमन्त्री महासभामा सहभागी हुने गरेका थिए । त्यस कारण, अहिले पनि बालेन जाने अनुमान थियो। तर, बालेनले ३ भदौको मन्त्रिपरिषद् बैठकले नजाने निर्णय लिए र परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा टोली महासभाका लागि जाने निर्णय भएको थियो।

मन्त्रिपरिषद्को त्यही निर्णयपछि परराष्ट्रमन्त्री खनाल महासभामा जाने तयारीमा जुटेका थिए। परराष्ट्र मन्त्रालयको टोली महासभामा सहभागी हुने तयारीसहित एजेन्डा तयारीको छलफलमा समेत जुटेको थियो।

तर, १० भदौमा रसुवामा आएको बाढीले रसुवा, नुवाकोट र धादिङमा ठूलो मानवीय र भौतिक क्षति पुऱ्याएपछि भने परिस्थिति फेरियो । जलवायु परिवर्तनकै कारण रसुवाको लाङटाङ लारुङमा हिम-चट्टान खसेको थियो । त्यसले अकल्पनीय क्षति पुगेपछि परराष्ट्रमन्त्री खनालको सट्टा प्रधानमन्त्री बालेन महासभामा जाने तयारीमा जुटेका हुन्।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार बालेन महासभामा जाने गरी तयारी भइरहेको छ। स्रोतले भने, 'अहिलेसम्म जानेगरी नै एजेन्डाहरूको विषयमा छलफल भइरहेको छ।'

**महासभामा के भन्ने ?**

जलवायु परिवर्तनको प्रभावमा नेपालले खेपिरहेको अर्को समस्या हो- सीमापार वायु प्रदूषण । विज्ञहरूका अनुसार नेपालमा पाकिस्तानको पञ्जावदेखि वायु प्रदूषण आउने गरेको छ, जसको सोझो असर नागरिकको जनस्वास्थ्यमा परेको छ।

अर्कातिर, हिमालको हिउँ पग्लिन पनि योगदान गरिरहेका छन् । वातावरणीय अर्थशास्त्री अर्जुन ढकालको विश्लेषणको सीमापार वायु प्रदूषण पछिल्ला वर्षमा निकै बढेको छ र जनस्वास्थ्यमा पारेको प्रभावले बालमृत्युदरदेखि हृदयाघातजस्ता रोगहरू बढाएको छ। ढकालले भने, 'सीमापार वायु प्रदूषणले प्रतिवर्ष जनस्वास्थ्यमा गम्भीर असर परेको छ । पाकिस्तानदेखि सम्म आउँछ। नेपालको वायु विश्व स्वास्थ्य संगठनका मापदण्ड अनुसार हुने भने औसत आयु ४ देखि ५ वर्ष बढ्छ।'

त्यस कारण ढकाल संयुक्त राष्ट्रसंघमा नेपालले सीमापार वायु प्रदूषणको मुद्दालाई उठाउन जरुरी ठान्छन्।

त्यसरी नै, नेपालका हिमालयमा खैरो रंग र कालो कार्बनले हिमालको तापक्रम बढाइरहेको छ। त्यसरी बढ्दो कार्बनको प्रभावले हिउँ पग्लिन धेरै योगदान गरिरहेको छ।

नेपालसहित हिन्दुकुश क्षेत्र झण्डै २ अर्ब मानिसको जीवन हो। संसारका दुई अर्ब मानिसले हिन्दुकुश क्षेत्रको पानीबाट जीवन चलाइरहेका छन्। नेपाल, भारतसहित दक्षिण एसियाका मुलुकबाहेक लाओस, भियतनाम, अफगानिस्तान, इरान, चीनलगायतका देशको पानीको मुहान हिमालय क्षेत्र हो। त्यस कारण, त्यो मुहान जोगाउने एजेन्डालाई प्रधानमन्त्री बालेनले संयुक्त राष्ट्रसंघको महासभामा उठाउनुपर्ने विज्ञहरूको भनाइ छ।

जलवायुविज्ञ राजु पण्डित क्षेत्री रसुवाको भोटेकोसीमा आएको प्रलयबारे संसारलाई नेपालको उच्च तहबाट सन्देश दिनुपर्ने बताउँछन् । क्षेत्रीले संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा प्रधानमन्त्री नै गएर संसारलाई सन्देश दिनुपर्ने बताउँछन् । क्षेत्री महासभामा नेपालले दुईवटा पक्षलाई उठानुपर्ने ठान्छन्। एक, उच्चस्तरीय टोलीले रसुवा बाढीबाट के-के भयो ? बाढीपछि नेपालले के-के गऱ्यो ? कसरी गऱ्यो ? कहाँ-कहाँबाट सहयोग पाइयो ? यो तहको क्षतिको अनुमान गरिएको थियो कि थिएन ? नेपालको अनुभव कस्तो रह्यो ? भनेर संसारलाई सुनाउनुपर्छ। दोस्रो पक्ष, जलवायु परिवर्तनबाट हिमालय क्षेत्रमा भइरहेको क्षति न्यूनीकरणका लागि नेतृत्वदायी भूमिका निर्वाह गरेर संसारलाई दबाब सिर्जना गर्ने परिस्थिति बनाउनुपर्छ।

क्षेत्रले भने, 'रसुवा बाढीबाट नेपालले भागेको क्षतिलाई प्रधानमन्त्री तहबाटै हामीले के-के गऱ्यौं ? कस्तो गऱ्यौं ? कहाँ-कहाँबाट सहयोग पायौ ? के-के भयो ? अनुभव कस्तो रह्यो ? भनेर जानकारी दिन जरुरी छ।'

उक्त सन्देशले नेपालजस्ता आर्थिक, सामाजिक रूपमा पछाडि परेका र वातावरणीय रूपमा समस्या भोगिरहेका मुलुकका लागि प्रभावकारी हुने पनि क्षेत्रको बुझाइ छ। त्यसो त २०७२ को भूकम्पले नेपाललाई १० वर्षपछाडि पारेको थियो। अहिले बाढीले कति असर गर्छ ? भन्ने सन्देश पनि अन्तर्राष्ट्रिय समुदायलाई दिनुपर्ने उनको भनाइ छ।

क्षेत्रीले भने, 'दोस्रो, कुरा यो सन्देशले जलवायु परिवर्तनपछि सिर्जना भएको समस्या समाधानका लागि एक अन्तर्राष्ट्रिय समुदायलाई दबाब सिर्जना पनि गर्नुपर्छ।'

महासभामा नेपालको उच्च तहबाट सन्देश प्रवाहित गर्दा समस्याको तह पनि उच्च रहेको सन्देश प्रवाहित हुने क्षेत्रीको बुझाइ छ। तर, समस्या मात्रै बताउनेभन्दा पनि नेपालले पुनर्निर्माणका लागि सहयोग गर्न आह्वान पनि गर्नुपर्नेछ। रसुवा बाढीका कारण पुनर्निर्माणका लागि झण्डै ८ खर्ब रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान छ। त्यसका लागि दाताहरूको ठूलो साथ आवश्यक पर्नेछ। त्यस अर्थमा पनि महासभा सहयोग आह्वान गर्ने गतिलो मञ्च हुनेछ।

४ वर्षअघि २०२२ मा पाकिस्तानले पनि बाढी पहिरोबाट ठूलो क्षति व्यहोरेको थियो । त्यतिबेला पाकिस्तानले प्रभावकारी दबाब सिर्जना गरेको थियो। जसका कारण महासभाकै क्रममा पाकिस्तानले साइडलाइन बैठक राखेर पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय समुदायबाट साथ खोजेको थियो। त्यतिबेला पाकिस्तानको पुनर्निर्माणका लागि ९ अर्ब डलर प्रतिबद्धता आएको थियो।

क्षेत्री पाकिस्तानको उक्त प्रयास नेपालका लागि गतिलो सिकाइ हुने बताउँछन्। उनी भन्छन्, 'सन् २०२२ मा पाकिस्तानले गरेजस्तै नेपालकै प्रयासमा मन मिल्ने देशहरूसँग मिलेर बैठक राखेर पुनर्निर्माणका लागि साथ माग्न सकिन्छ।'

तर, नेपालले संसारसँग प्रतिबद्धता र सहायात मात्रै खोज्नेभन्दा पनि विश्वासिलो खाका भने प्रस्तुत गर्नुपर्नेछ । नेपालको अबको पुनर्निर्माणको विस्तृत र विश्वासिलो खाका नभए संसारले पत्याउने अवस्था नभएको पनि क्षेत्रीको भनाइ छ। उनले भने, 'त्यसलाई वास्तविकतामा ढाल्न नेपालले खाका प्रस्तुत गर्नुपर्छ। दीर्घकालीन रूपमा भौतिक पूर्वाधार, बस्ती विकास, घर तथा पुलपुलेसा पुनर्निर्माणका लागि अबको खाका कस्तो हुनेछ भन्ने बताउन सक्नुपर्छ।'

यद्यपि, उनी सरकार एक्लैले भन्दा पनि नागरिक समाज, प्रवासी, संघसंस्था, मिडियाहरूको सहयोग आवश्यक रहेको ठान्छन्।

तर, नेपालले विपत्‌बाट पाठ भने सिक्ने गरेको छैन। जस्तो, थामे, इलाम, मुस्ताङ, रोशीलगायतका क्षेत्रमा भएको बाढी पहिरोबाट सिकाइभन्दा पनि अटेरीपन देखिएको छ । क्षेत्री भन्छन्, 'पुनर्निर्माण गर्दा विगतबाट पाठ सिकेको छैन। रोशी, थामे, इलाम कतैबाट सिकेको छैन। बस्ती विकास, सडक पूर्वाधारलगायत विकासको नयाँ मोडेल हिजोजस्तो हुँदैन भन्ने खाका बताउनुपर्छ।'

## सम्पादकीय...

### विपदमा मधेशको उदारता र जिम्मेवारीता

विपद्‌को कुनै भूगोल हुँदैन्। दुःख र पीडाको पनि जात, भाषा, समुदाय र प्रदेश हुँदैन। जब प्राकृतिक विपद्‌ले देशको कुनै भूभागमा संकट निम्त्याउँछ, त्यसबेला अर्को भूभागका नागरिकले देखाउने मानवीय संवेदना नै राष्ट्रिय एकताको वास्तविक परिचय बन्न पुग्छ। पछिल्लो समय भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकका लागि मधेश प्रदेशमा देखिएको स्वतःस्फूर्त सहयोग त्यसैको एउटा प्रेरणादायी उदाहरण हो। सिरहादेखि मधेश प्रदेशका आठवटै जिल्लाका गाउँ-सहरसम्म राहत रकम तथा सामग्री संकलनको अभियान चल्नु आफैंमा महत्वपूर्ण सामाजिक सन्देश हो। सामान्य नागरिकदेखि युवा, व्यवसायी, विभिन्न पेशा र क्षेत्रमा कार्यरत व्यक्तिसम्मले आफ्नो क्षमताअनुसार सहयोगको हात बढाएका छन्। कतिपय युवाहरू त राहत सामग्री बोकेर प्रभावित क्षेत्रमा आफैं पुगेका छन्। उद्धार र राहत वितरणमा प्रत्यक्ष सहभागी भएर उनीहरूले पीडित परिवारलाई सहयोग मात्र गरेका छैनन्, विपद्‌को समयमा नागरिक-नागरिकबीचको सम्बन्ध अझ बलियो बनाएका छन् । मधेशको यो उदारता तत्कालीन राहत सहयोगमा सीमित विषय होइन । यसले मधेशको राष्ट्रिय चेतना र देशप्रतिको जिम्मेवारीलाई समेत प्रतिबिम्बित गर्छ। भौगोलिक रूपमा समग्र तराईक्षेत्रमा रहेको मधेशका नागरिकले पहाड र हिमालमा परेको विपद्‌लाई आफ्नो समस्या ठानेर सहयोगका लागि अघि बढ्नु राष्ट्रिय भावनाको गहिरो अभिव्यक्ति हो। यही भावनाले नेपाललाई भूगोलको विविधताबीच भावनात्मक रूपमा जोडेर राख्छ।

नेपाल बहुभाषिक, बहुजातीय र बहुभौगोलिक मुलुक हो। यहाँको एउटा क्षेत्रमा आएको विपद्‌लाई अर्को क्षेत्रले बेवास्ता गर्ने हो भने राष्ट्रिय एकताको आधार कमजोर हुन्छ। तर मधेशका नागरिकले देखाएको व्यवहारले यसको ठीक विपरीत सन्देश दिएको छ। दुःख जहाँ भए पनि नेपालीको दुःख हो र संकटमा साथ दिनु सबै नेपालीको साझा दायित्व हो। विपद्‌का बेला सहयोग गर्ने संस्कारलाई राज्यले पनि व्यवस्थित र संस्थागत बनाउन आवश्यक छ। राहत संकलन, वितरण र उद्धारका नाममा हुने अव्यवस्था, दोहोरोपन तथा स्रोतको दुरुपयोग रोक्दै नागरिकको सद्भावलाई प्रभावकारी राहतमा रूपान्तरण गर्नुपर्छ। स्वयंसेवी युवाशक्ति र सामाजिक संस्थाको क्षमतालाई राज्यको विपद् व्यवस्थापन प्रणालीसँग जोड्न सके यसबाट अझ ठूलो परिणाम हासिल गर्न सकिन्छ। मधेश नेपालको आर्थिक, सामाजिक र राजनीतिक विकासको महत्वपूर्ण आधार हो। देश समृद्ध बन्न मधेशको भूमिका निर्णायक छ। कृषि, उद्योग, व्यापार, श्रम, राजस्व र सीमावर्ती आर्थिक गतिविधिदेखि राष्ट्रिय राजनीतिको निर्माणसम्म मधेशको योगदान उल्लेखनीय छ। त्यसैले मधेशलाई एउटा भौगोलिक प्रदेशका रूपमा होइन, नेपालको समग्र समृद्धिको महत्वपूर्ण साझेदारका रूपमा बुझिनुपर्छ।

त्यसैगरी, मधेशले पनि आफ्नो राष्ट्रिय भूमिकालाई अझ फराकिलो बनाउँदै लैजानुपर्छ। विपद्‌का बेला राहत र उद्धारमा देखाएको सक्रियता विकास, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, सामाजिक सद्भाव र राष्ट्रिय उत्पादनका क्षेत्रमा समेत निरन्तर देखिनुपर्छ। देशलाई आवश्यक पर्दा मधेश सधैं अग्रपंक्तिमा उभिन सक्छ भन्ने विश्वास व्यवहारबाट स्थापित गर्नुपर्छ। भोटेकोशीको बाढीले पहाड र हिमालका कतिपय नागरिकको घर, जीविका र सपना प्रभावित बनाएको छ। तर त्यस विपद्‌का बीच मधेशबाट उठेको सहयोगको हातले एउटा सुखद सन्देश दिएको छ। नेपाललाई संकटले अलग गर्न सक्दैन। त्यही भएर नेपालीहरू एकअर्काको पीडामा संवेदनशील भइरहनु पर्छ । आज भोटेकोशीका पीडितका लागि मधेशले सहयोगको हात बढाएको छ। भोलि मधेश वा नेपालको कुनै अर्को भूभाग संकटमा पर्दा त्यही आत्मीयता अन्य प्रदेश र समुदायबाट पनि फर्केर आउनुपर्छ। यही पारस्परिक सहयोग, संवेदना र उत्तरदायित्वले मात्र संघीय नेपाललाई बलियो बनाउनेछ। मधेशले विपद्‌का बेला देखाएको यो उदारता प्रशंसायोग्य मात्र होइन, अनुकरणीय पनि छ। यसलाई क्षणिक भावनामा सीमित नराखी राष्ट्रिय एकता र सहकार्यको स्थायी संस्कारमा रूपान्तरण गर्न सके मधेशले नेपालको समृद्धिमा आफ्नो भूमिका अझ प्रभावकारी ढंगले स्थापित गर्न सक्छ। संकटमा एकअर्काको हात समात्ने नेपाल नै समृद्ध, समावेशी र बलियो नेपाल बन्न सक्छ।

### रसुवा बाढीमा मानवीय क्षति .............

छन् । उनीहरूको खोजी तथा उद्धार कार्य जारी रहेको प्राधिकरणले जनाएको छ । पछिल्लो विवरणअनुसार उद्धार कार्य सडक तथा भौतिक संरचना क्षतिग्रस्त भएका कारण चुनौतीपूर्ण बनेको छ।

○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
**सिधा सम्पर्क ०३३-५२१२१४**



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## आजको राशिफल

**मेष** : पारिवारिक सहयोग राम्रोसँग मिल्नेछ भने आर्थिक क्षेत्रमा देखिएका केही अवरोधहरू स्वतः हटेर जानेछन्।

**बृष** : बौद्धिक क्षेत्रमा ठूलो सफलता मिल्नेछ। तपाईंका नयाँ योजनाहरू बन्नेछन् र पुराना मित्रहरूको साथले मनमा उत्साह थप्नेछ।

**मिथुन** : आज खर्चको मात्रा केही बढ्न सक्ने हुनाले आर्थिक कारोबार गर्दा सचेत रहनुहोला।

**कर्कट** : कार्यक्षेत्रमा नयाँ जिम्मेवारीहरू थपिनेछन् । सहकर्मीहरूको सहयोगले महत्त्वपूर्ण कार्यहरू समयमै सम्पन्न हुनेछन्।

**सिंह** : आर्थिक लगानीबाट राम्रो फाइदा मिल्नेछ । तपाईंको बोलीको प्रभाव बढ्ने हुनाले रोकिएका पुराना कामहरू बन्नेछन्।

**कन्या** : आत्मविश्वासमा अभूतपूर्व बृद्धि हुनेछ। कुनै पनि नयाँ कार्यको थालनी गर्नका लागि आजको समय अत्यन्त शुभ रहेको छ।

**तुला** : जग्गाजमिन वा घरसम्बन्धी कुनै विवाद छ भने समाधानतर्फ उन्मुख हुनेछ।


**वृश्चिक** : सामाजिक कार्यमा तपाईंको प्रतिष्ठा बढ्नेछ र साथीभाइको भरपूर सहयोग प्राप्त हुनेछ।

**धनु** : कर्मक्षेत्रमा गरिएको कडा मेहनतको उचित कदर हुनेछ। उच्च पदस्थ व्यक्तिको सहयोगले नयाँ अवसरहरू प्राप्त हुनेछन्।

**मकर** : भाग्यले पूर्ण रूपमा साथ दिने हुनाले धार्मिक तथा आध्यात्मिक कार्यमा रुचि बढ्नेछ।

**कुम्भ** : स्वास्थ्यमा विशेष सावधानी तथा सतर्कता अपनाउनु होला। गोप्य शत्रुहरूबाट बच्नु पर्ने समय छ।

**मीन** : दाम्पत्य जीवनमा मिठास छाउनेछ र नयाँ वस्त्र तथा अलंकार प्राप्तिको योग रहेको छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# स्वदेशमा रोजगारी पाइएन भन्ने नेपाली युवालाई उदाहरण बनेका भारतीय चौधरी



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २० गते**

मुलुकमा रोजगारी पाइएन र सरकारले व्यवस्थापनमा ध्यान दिएन भन्दै सयौं संख्यामा नेपालबाट युवा बिदेसिने गरेका छन्। विदेशी भूमिमा श्रम गर्दा कति युवाले त अकालमै मृत्युवरण गर्नुपरेको छ, कतिपय अंगभंग भएर फर्किने गरेका छन्।

विदेशमा दुःख पाउन थालेपछि धेरैले 'आफ्नै देशमा बरु केही गरिएन' भन्ने पछुतो हुन सक्छ। अर्काको देशमा भाषाको समस्या र हप्कीदप्की सहनु परेपछि 'बेकारमा यता आइएछ' भन्नेहरू पनि निकै छन्।

तथ्यांकअनुसार रोजगारीकै लागि खाडी मुलुक जानेमा सबैभन्दा बढी मधेस प्रदेशका युवा छन्। स्वदेशमै बसेर सीप, ज्ञान र दृढ संकल्पका साथ मिहिनेत गर्ने हो भने धेरैथोक गर्न सकिन्छ, तैपनि धेरै कमाउने लोभमा धनुषा, महोत्तरी, सिरहा, सर्लाही र बाराका अधिकांश युवा बिदेसिने गरेका छन्।

मधेशका युवाहरू दैनिक 'विदेश पलायन' भइरहँदा भारतको बिहार राज्यका कतिपय युवाले भने नेपालकै भविष्य देखेका छन्। उनीहरूले नेपालका साना ठुला सबै ठाउँलाई आफ्नो कर्मथलो बनाइरहेका छन्। तिनैमध्ये एक हुन्- बिहार, मधुबनी जिल्ला झंझारपुर-१ निवासी सुरेश पण्डित चौधरी।

चौधरीले आफ्नो थातथलो छोडेर जनकपुरलाई कर्मथलो बनाएको २० वर्ष बितिसक्यो। जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ९ स्थित संकटमोचन मन्दिर नजिकै उनले भुजा, छोला, कचरी र चपको नास्ता पसल चलाइरहेका छन्। यही व्यापारबाट उनले पाँच जनाको परिवार सजिलैगरी पालेका छन्। जनकपुर-१० देवीचोकमा भाडाको कोठामा बस्ने चौधरीको व्यावसायिक दिनचर्या बिहान ८ बजेबाट सुरु हुन्छ।

उनीसँग काठको सामान्य ठेला छ। नास्ताका लागि चाहिने सामानहरू आफ्नै कोठामा बनाएर ल्याउँछन्। ठेलामा भिजेको चना र केराउको छोला बनाउन ३०-३५ मिनेट खर्चिएपछि उनी पकौडा र चप छान्न व्यस्त हुन्छन्। पकौडा छान्दै चौधरीले भने, 'कहिलेकाहीँ तातो तेलका छिटा हातमुखमा पर्छन्, त्यतिबेलै चिसो पानीले धुन्छु। कहिले त निको हुन्छ, कहिले भने फोका उठेर घाउ नै हुन्छ।'

नास्ता तयार हुन्जेल ग्राहकहरूको आगमन सुरु भइसकेको हुन्छ। उनले भुजामा चाउचाउ, उसिनेको आलु, प्याज, टमाटर, बन्दागोभी र आफैँले तयार पारेको मसला मिसाएर स्वादिष्ट खाजा पस्किन्छन्। यस्तो पारम्परिक नास्ता अधिकांश मधेसवासीको रोजाइमा पर्छ। सामान्यतया एक प्लेट नास्ताको ६० रुपैयाँ लिने गरेको बताउँदै उनले दिनभरिमा २ हजारदेखि २५ सय रुपैयाँसम्म कमाइ हुने सुनाए।

कक्षा १० सम्म अध्ययन गरेका उनलाई 'भारतमा रोजगारी नपाइने भएर यता आउनुभएको हो ?' भन्ने प्रश्न गर्दा भने, 'भारतमा पनि रोजगारी पाउन कहाँ सहज छ र ! भनेजस्तो काम पाइँदैन, निकै सकस छ।' २५ वर्षअघि जनकपुर घुम्न आउँदा यो ठाउँ मन परेर पछि विवाहपञ्चमीको अवसरमा परिवारसहित आएका बेला उनले यतै काम गर्ने निर्णय गरेका थिए।

यही व्यापारबाट उनले दुई छोरी र एक छोरा पढाएका छन्। छोरालाई स्नातक तहसम्म पढाउन सफल भएकोमा गर्व गर्दै उनी भन्छन्, 'अब छोरीको विवाहको तयारी गर्दै छु। अलिअलि पैसा जम्मा गरेको छु, राम्रो केटा पाइयो भने एक-दुई वर्षभित्रै एउटा छोरीको विवाह गरिदिन्छु।'

अहिले उनका छोरा भारतको दिल्लीस्थित एक कम्पनीमा कार्यरत छन्। आफ्नो जग्गा जमिन नभए पनि ठेलाकै व्यापारबाट ५ जनाको परिवारको भरणपोषण गरिरहेका उनी एक-दुई वर्षको अन्तरालमा घर जाने गर्छन्। ठेलाको व्यापार भएकाले खुला ठाउँमा घाम र वर्षाले कहिलेकाहीँ सताउने उनको अनुभव छ।

'सपना ठुलो देख्नुपर्छ तर त्यसलाई

बाँकी पृष्ठ ४

# राज्यको हस्तक्षेप र राजनीतिले शिक्षा प्रणाली ध्वस्त बनायो: पूर्वराष्ट्रपति डा. यादव

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ २० गते**

पूर्वराष्ट्रपति डा. रामवरण यादवले राज्यले शिक्षाको सम्पूर्ण जिम्मा लिएपछि सुरु भएको राजनीतिकरणका कारण मुलुकको समग्र शिक्षा प्रणाली नै ध्वस्त भएको टिप्पणी गरेका छन्।

शनिबार पी.पी. प्रसाई फाउण्डेशनद्वारा आयोजित पुरस्कार वितरण तथा सम्मान समारोहलाई सम्बोधन गर्दै प्रथम राष्ट्रपति डा. यादवले पहिले समुदायले सञ्चालन गरेका शिक्षण संस्थाहरू उत्कृष्ट रहेको स्मरण गर्दै सरकारीकरण र राजनीतिक हस्तक्षेपले सामुदायिक विद्यालयहरूको अवस्था दयनीय बनाएको बताए।

उनले भने, 'पहिले समुदायले नै शिक्षाको जिम्मा लिन्थ्यो। जनकपुरमा रामस्वरूप साह र विराटनगरमा कृष्णप्रसाद कोइरालाहरूले दान दिएर विद्यालय खोले, भारतबाट समेत उत्कृष्ट शिक्षक ल्याए। तर, जब राज्यले जिम्मा लियो- राजनीति गडबड भयो र सारा शिक्षा प्रणाली नै बिग्रियो। आज सामुदायिक विद्यालयमा गणितको शिक्षक भए अंग्रेजीको छैन, अंग्रेजीको भए नेपालीको छैन। यो हालत छ।'

समारोहमा उत्कृष्ट शिक्षकहरूको छनोटमा मधेशबाट एक जना पनि नपरेकोप्रति डा. यादवले गम्भीर चिन्ता व्यक्त गरे। विगतमा देशभरका पहाडी भेगसम्म गणित र अंग्रेजी पढाउन मधेशकै शिक्षक पुग्ने गरेको इतिहास स्मरण गर्दै उनले अहिलेको अवस्थाले आफूलाई दुःखी बनाएको बताए।

'पुरस्कार वितरणमा मधेशको पालो आउँदा एक जना शिक्षक पनि छनोटमा परेनन्। आयोजकलाई सोध्दा क्राइटेरिया नै पुगेन भन्नुभयो। मलाई चसक्क लाग्यो। कुनै समय देशभरिका पहाडमा गणित र अंग्रेजी पढाउने शिक्षक मधेशबाटै जान्थे, आज त्यहाँको अवस्था क्राइटेरियामा समेत नआउने कस्तो बन्यो ?,' उनले भने।

आफ्नो डाक्टरी अध्ययनको समय स्मरण गर्दै डा. यादवले कलकत्तामा ७० को दशकको नक्सलाइट आन्दोलन र अशान्तिका बीच प्राध्यापक डा. हरिदास बनर्जीले देखाएको कर्तव्यनिष्ठाको प्रसंग सुनाए। जादवपुर विश्वविद्यालयका उपकुलपतिको हत्यापछि पूरै सहर स्तब्ध हुँदा पनि डा. बनर्जी विद्यार्थी पढाउन एनाटोमी हलमा पुगेको घटना उनले स्मरण गरे।

'त्यतिबेला हड्ताल र हिंसाका बीच पनि कलेज आएका प्राध्यापक बनर्जीले



भन्नुभएको थियो– 'काटमार गर्नेको काम राजनीति र काटमार नै होला, तर मेरो काम भोलि मानिस बचाउने असल डाक्टर बनाउनु हो।' शिक्षकहरू त्यस्तै हुन्। तपाईंहरू यस्तो फ्याक्ट्री हुनुहुन्छ, जसले देश, समाज र संसार बनाउने असल मनुष्य तयार गर्छ,' उनले भने।

डा. यादवले पछिल्लो समय जलवायु परिवर्तन र मानवीय दोहनका कारण प्राकृतिक विपद् बढेको भन्दै वातावरण संरक्षणमा सचेत हुन आग्रह गरे। हाम्रा पहाडहरू भत्किँदै गइरहेको र विश्व नै वातावरणीय संकटतर्फ धकेलिएको भन्दै उनले प्रकृति र वातावरण शिक्षामा नयाँ पुस्तालाई जोड्नुपर्ने आवश्यकता औंल्याए।

## खेलकुद विकासमा सहयोग गर्ने मेयरको ..........

श्रीराम कानु तेलीको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ प्रशिक्षक महेशकुमार श्रेष्ठ, राजेश गुप्तालगायत प्रदेश तथा जिल्ला तहका पदाधिकारीको उपस्थिति थियो।

## दुई दशकदेखि जीर्ण सिद्धिचरण लोकमार्ग अब बन्ने .............

माग गरिनेछ।

पुरानो प्रविधिबाट निर्माण भएको साँघुरो र घुम्ती सडकमा क्षमताभन्दा बढी भार बोकेका टिपर तथा ट्रक नियमित सञ्चालन हुँदा सडक लामो समयदेखि जीर्ण बन्दै आएको स्थानीय बताउँछन्। वर्षायाममा पहिरो, हिलो र खाल्डाखुल्डीका कारण यातायात अवरुद्ध हुने गरेको छ।

कटारी नगरप्रमुख राजेशचन्द्र श्रेष्ठले वर्षौंको प्रयासपछि सडक स्तरोन्नतिका लागि बजेट सुनिश्चित भएकाले अब सडक बन्ने आशा जागेको बताए। सडक कालोपत्रेसहित स्तरोन्नति भएपछि कटारीका पहाडी वडालाई नगरमुकामसँग जोड्न सहज हुनुका साथै ओखलढुंगा-सोलुखुम्बु आवागमन र प्रसिद्ध त्रिधार्मिकस्थल हलेसीसम्मको यात्रासमेत सहज हुने अपेक्षा गरिएको छ।

## छोरीको मुहार हेर्दै पूजाको पुकार- 'बाबालाई सकुशल .............

न खानाको ठेगान छ, न पानीको, न कुनै खबर। यस्तो पीडा अब कति सहनु भगवान ?'

पूजाका लागि जीवनमा श्रीमान् अयजभन्दा ठूलो अरू कुनै चाहना छैन। त्यसैले उनले भगवानसँग आफ्नो गल्ती वा पापको सजाय आफूलाई दिन आग्रह गर्दै श्रीमानलाई भने केही नहोस् भनेर प्रार्थना गरेकी छन्।

'मैले जिन्दगीमा बुढो बाहेक अरू केही मागेकी छैन,' उनले लेखेकी छन्, 'यदि मबाट कुनै गल्ती भएको छ, कुनै पाप गरेको छु भने त्यसको सजाय मलाई दिनु, तर मेरो बुढोलाई केही नहोस् भगवान्।'

श्रीमानको प्रतीक्षामा रहेकी पूजाको पीडा अझ गहिरो बनाएको छ उनकी दुई महिनाकी छोरीले। आमाको अनुहारमा देखिएको पीडा बुझ्न नसक्ने उमेरकी छोरीले अझै बुबा कहाँ छन् भन्ने थाहा पाएकी छैनन्। त्यही निर्दोष बालिकाको तस्बिरसँगै पूजाले भगवानसँग श्रीमानलाई सकुशल फर्काइदिन याचना गरेकी छन्।

'मेरो बच्चाले त अहिलेसम्म केही बुझ्न पनि सकेको छैन। उसको के दोष छ र भगवान ?' उनले भावुक हुँदै लेखेकी छन्, 'उसको लागि भए पनि मेरो बुढोलाई सकुशल, सुरक्षित र चाँडै हामीमाझ फर्काइदिनुहोस्।'

बाढीले घर, परिवार र आफन्त छुट्याइरहँदा कतिपय परिवारका लागि उद्धार र राहतसँगै 'आफ्नो मान्छे फर्किन्छ कि फर्किंदैन' भन्ने अनिश्चितता सबैभन्दा ठूलो पीडा बनेको छ। पूजाका लागि पनि पछिल्ला ११ दिन यही अनिश्चितताको घडी बनेका छन्।

हरेक फोनको घण्टीमा श्रीमानको खबर आएको आशा, हरेक समाचारमा उनको नाम वा अवस्थाको खोजी र हरेक साँझ सकिँदै जाँदा बढ्दै गएको चिन्ता—यही अवस्थाबीच पूजा अझै एउटै आशामा छिन् अयज फर्किनेछन्, आफ्नी छोरीलाई अंगालो हाल्नेछन् र परिवार फेरि पूरा हुनेछ।


## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०४/०४ गते घरबाट सिरहा जाने क्रममा मेरो +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**नाम:** भावना न्यौपाने
**ठेगाना:** सिरहा नगरपालिका-१, सिरहा **रजिस्ट्रेशन नं.** NEB R.N. 813250860003

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदावी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| 1. | PLI१२१०००५८०५ | कौशल राज मुडभरी | सुरुङ्गा,०३ सप्तरी |

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९



# जनकपुरमा राजगुठी पोखरीको अतिक्रमण हटाउन सातदिने सूचना




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ २० गते**

जनकपुरधाम उपमहानगरपालिकाभित्र राजगुठीअन्तर्गत रहेका पोखरी तथा त्यस क्षेत्रमा भएका अतिक्रमण हटाउन गुठी संस्थानले सम्बन्धित व्यक्ति तथा संस्थालाई सात दिने सूचना जारी गरेको छ।

गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले एक सार्वजनिक सूचना जारी गर्दै राजगुठीका पोखरी तथा त्यस क्षेत्रमा रहेको अनधिकृत रूपमा संरचना निर्माण गरी भोगचलन भइरहेको भन्दै त्यस्ता संरचना हटाउन निर्देशन दिएको हो।

संस्थानले देवान पोखरी (चन्द्रकूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर (विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी (जिरोमाइलभन्दा उत्तरपूर्व), लक्ष्मण सर (बलराम सर), पापमोचनी सर, अग्निकुण्ड, सीताकुण्ड र विहारकुण्डलगायतका पोखरी तथा तिनका डिलमा अतिक्रमण भएको जनाएको छ।

सार्वजनिक सूचनामार्फत संस्थानले अतिक्रमण गरी बनाइएका अनधिकृत संरचना सात दिनभित्र हटाई राजगुठीको सम्पत्ति संरक्षणमा सहयोग गर्न सम्बन्धितलाई आग्रह गरेको छ। तोकिएको समयभित्र अतिक्रमण नहटाए प्रचलित कानुनबमोजिम कारबाही गर्ने चेतावनीसमेत उक्त सूचना मार्फत दिइएको छ।

जनकपुरधामका ऐतिहासिक तथा धार्मिक महत्व बोकेका पोखरीको संरक्षणको विषय लामो समयदेखि उठ्दै आए पनि अतिक्रमण हटाउने कार्य प्रभावकारी रूपमा अघि बढ्न सकेको थिएन । तर, यसपटक गुठी संस्थानले सार्वजनिक सूचना जारी गर्दै समयसीमा तोकेपछि भने अतिक्रमण हटाउने प्रक्रिया व्यवहारमा समेत लागु भएको देखिएको छ।

यसअघि यही भदौ ६ गते पनि जनकपुरधामस्थित ७ वटा पोखरीका डिलहरुको अतिक्रमण खाली गराइएको थियो।

गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन, २०६२ कार्यान्वयन समितिको निर्णयका आधारमा सूचना जारी गरिएको गुठी संस्थानले जनाएको छ।




# रसुवा बाढीको ११ दिनसम्म आफन्त नभेटिंदा सिरहाका परिवारमा रुवाबासी

**मणिलाल विश्वकर्मा**
**सिरहा, भदौ २० गते**



रसुवास्थित विभिन्न हाइड्रोपावर, भवन निर्माण, विद्यालय र फर्निचरमा कार्यरत सिरहाका ११ जना भोटेकोशीमा आएको विनाशकारी बाढीसँगै बेपत्ता भएका छन् । बाढी आएको ११औँ दिनसम्म पनि उनीहरूको अवस्था पत्ता नलागेपछि परिवारजन चिन्तामा छन्।

फेवा कन्स्ट्रक्सनअन्तर्गत त्रिशूली-३ 'डी' आयोजनामा स्टोरकिपरका रूपमा कार्यरत सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका- १, भौर गाउँका सलदेव यादव (मुन्ना) बाढीपछि सम्पर्कविहीन छन् । घरको आर्थिक जिम्मेवारी सम्हाल्दै आएका सलदेवको अवस्था पत्ता लगाउन उनका सहोदर दाजु कुलदेव यादव चितवनदेखि नवलपरासी र गैंडाकोटसम्म पुगे । अस्पतालदेखि नारायणी नदीकिनारसम्म खोज्दा पनि भाइको अवस्था पत्ता नलागेपछि उनी निराश भएर घर फर्किएका छन्।

'चितवन र नवलपरासी दुवैतर्फको नारायणी नदीकिनार तथा अस्पतालका भित्तामा टाँसिएका व्यक्तिका फोटोमा आँखा दौडाएँ। तटीय क्षेत्रका सम्भावित स्थानमा तीन दिनसम्म भौंतारिएँ,' मलिन स्वरमा कुलदेवले भने, 'भाइलाई फेला पार्न नसकेपछि निराश भएर घर फर्किएको छु। के गर्नु, कसो गर्ने मेसो नै पाउन सकिरहेको छैन ।'

सलदेवकी श्रीमती रिन्का यादव पनि श्रीमानको अवस्था अज्ञात भएपछि वेला-वेला बेहोस हुने गरेको उनले बताए । 'घरमा बुहारी वेला-वेला बेहोस भइरहेकी छिन्,' उनले भक्कानिँदै भने, 'भाइकी आठ वर्षीया छोरी अनुस्का र पाँच वर्षीय छोरा आशिक अझै आफ्ना बाबु कहिले फर्किन्छन् भन्दै बाटो हेरिरहेका छन् ।'

लहान नगरपालिका- १५, वीरनगर टोलका सिभिल इन्जिनियर मुकेशकुमार चौधरीको परिवारको अवस्था पनि उस्तै छ। पछिल्लो करिब दुई महिनादेखि रसुवा नाकानजिकै निर्माणाधीन आन्तरिक राजस्व कार्यालयको भवनमा इन्जिनियरका रूपमा कार्यरत चौधरी १० भदौको बाढीपछि सम्पर्कविहीन भएका हुन्। उनको अवस्था पत्ता नलागेपछि परिवार चिन्तामा रहेको भाइ विक्रम चौधरीले बताए।

**सिरहाबाट महिला र नाबालकसहित १२ जना सम्पर्कविहीन**

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार रसुवाको भोटेकोशी बाढीमा सिरहाका विभिन्न स्थानीय तहका एक महिला र एक नाबालकसहित १२ जना सम्पर्कविहीन छन्।

प्रदेश प्रहरीका अनुसार अपर त्रिशूली हाइड्रोपावर- ३ 'बी' मा कार्यरत मिर्चैया नगरपालिका- १० का ४० वर्षीय श्यामसुन्दर साह र शेर्पा हाइड्रोपावरमा कार्यरत गोलबजार नगरपालिका- ७ का ३० वर्षीय राजाकुमार यादव सम्पर्कविहीन छन्।

त्यस्तै, लाङटाङ खोला हाइड्रोपावरमा कार्यरत धनगढीमाई नगरपालिका- ६, मोथियाहीका २९ वर्षीय आनन्दकुमार महतो, नुवाकोटको वेत्रावतीस्थित उत्तरगया पब्लिक स्कुलमा कार्यरत मिर्चैया नगरपालिका- ५ का ६० वर्षीय वैद्यनाथ साह र उनका आफन्त १५ वर्षीय आयुष साह पनि सम्पर्कविहीन छन्।

लहान नगरपालिका- ११ का २८ वर्षीय विवेकनारायण चौधरी, जो रसुवाको मैलुङमा नेपाली सेनामा कार्यरत थिए, उनको पनि बाढीपछि अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ।

त्यसैगरी, रसुवास्थित अपर त्रिशूली हाइड्रोपावरमा सर्भे इन्जिनियरका रूपमा कार्यरत कल्याणपुर नगरपालिका-११ का २९ वर्षीय रोशनकुमार साह, धनगढीमाई नगरपालिका- १४ की २४ वर्षीया मनिका विक र पाँच वर्षीया रियाज विक पनि बाढीपछि बेपत्ता रहेको प्रहरीले जनाएको छ।

प्रदेश प्रहरीका अनुसार रसुवा र नुवाकोटका विभिन्न हाइड्रोपावर, सेना, प्रहरी, ट्रकचालक, क्रेन अपरेटर, सडक विभाग, ग्यारेज, सिरक-डस्ना बनाउने काम, मिठाई पसल, कवाडी संकलन, फर्निचर उद्योग, विद्यार्थी तथा तीर्थयात्री गरी १८० जना अझै बेपत्ता छन्।

मधेश प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार मधेश प्रदेशका विभिन्न जिल्लाबाट पर्साका ४३, बाराका २५, रौतहटका १४, सर्लाहीका २१, महोत्तरीका १०, धनुषाका सात, सिरहाका १२ र सप्तरीका ४८ जना बाढीपछि सम्पर्कविहीन छन्।

बाढीपछि खोजतलास तथा उद्धारका क्रममा मधेश प्रदेशका ३८ जना सम्पर्कमा आएका छन्। बारा र सप्तरीका एक-एकजना गरी दुईजनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार रसुवा र नुवाकोटका विभिन्न स्थानमा कार्यरत मधेश प्रदेशका १० जना प्रहरी सम्पर्कविहीन भएकामध्ये आठजना सम्पर्कमा आएका छन्। त्यस्तै, पाँचजना नेपाली सेनाका व्यक्तिमध्ये एकजना सम्पर्कमा आएको प्रहरीले जनाएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

अपन दैनिक

### बाढीपीडितका ...........

छन्।

प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत वितरण, घाइतेहरूको उपचार तथा पीडित परिवारको सुरक्षित पुनर्स्थापनालाई उच्च प्राथमिकताका साथ अघि बढाउन उनले सरकारसँग आग्रह गरेका छन्।

"विपद्मा परेका नागरिकको दुःखमा राज्य र जनप्रतिनिधि सधैं साथमा छन्," सांसद यादवले भनेका छन्।

### स्वदेशमा रोजगारी पाइएन भन्ने ...........

पूरा गर्न आफूमा क्षमता पनि हुनुपर्छ। कमाइ सामान्य भए पनि म खुसीसाथ जीवन बिताइरहेको छु,' उनले भने। यत्तिका समय नेपालमै बसेकाले उनलाई यो ठाउँ निकै प्यारो लाग्छ। उनले गुनासो गर्दै थपे, 'अब यतैको नागरिक भएर बस्ने मन छ, तर सरकारले हामीजस्तालाई हेर्दैन ।'

व्यवसायलाई निरन्तरता दिने भएकाले ग्राहकहरूले पनि उनको पसल रुचाउँछन् । मधेशका युवा विदेश पलायन भइरहेका बेला भारतीय नागरिक चौधरीले यहीँ बसेर महिनाको ६०-७० हजार रुपैयाँ कमाइरहेका छन् । उनी भन्छन्, 'आफ्नो कामलाई सानो नठानी श्रम, मिहिनेत र बुद्धिका साथ गर्ने हो भने नेपालमा मात्र होइन, मधेशमै बसेर धेरै प्रगति गर्न सकिन्छ।'




# कर्तव्य पालनाका क्रममा मृत्यु भएका सशस्त्र प्रहरीका परिवारलाई २५ लाख राहत

**अपन दैनिक संवाददाता**
**काठमाडौं, भदौ २० गते**

सशस्त्र प्रहरी बल नेपालले कर्तव्य पालनाका सिलसिलामा भोटेकोसी बाढीमा परी मृत्यु भएका सशस्त्र प्रहरीका परिवारलाई २५ लाख रुपैयाँ राहत उपलब्ध गराउने भएको छ।

सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलको अध्यक्षतामा बसेको परामर्श समितिको बैठकले मृतक कर्मचारीले कल्याण कोषबाट ऋण लिई भुक्तानी गर्न बाँकी सम्पूर्ण रकम मिनाहा गर्ने र निजका सन्ततिलाई पायक पर्ने नेपाल एपीएफ स्कुलमा कक्षा १० सम्मको अध्ययनका लागि शैक्षिक शुल्क छुट गर्ने निर्णय गरेको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए।

सशस्त्र प्रहरीले मृतकका आश्रित परिवारलाई राष्ट्रसेवकका तर्फबाट तत्काल १५ लाख र 'सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा निजको हकवाला/आश्रित परिवारलाई उपलब्ध गराउने राहतसम्बन्धी कार्यविधि, २०७९' बमोजिम पाँच लाख तथा 'सशस्त्र प्रहरी बल, नेपाल विपत् प्रकोप राहत कोष सञ्चालनसम्बन्धी मापदण्ड, २०८१' बमोजिम पाँच लाखसमेत गरी कुल २५ लाख रकम तत्काल उपलब्ध गराउने निर्णय गरेको हो।

सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारका सदस्य भोटेकोसी बाढीका कारण मृत्यु भएमा राहतस्वरूप प्रतिव्यक्ति एक लाख तत्काल उपलब्ध गराउने तथा बाढीबाट मृत्यु भएका सशस्त्र प्रहरीको स्मृतिमा स्मारकसमेत निर्माण गर्ने भएको छ।

बाढीमा परी सशस्त्र प्रहरीका १३ जना सम्पर्कविहीन भएका राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। सो बाढीमा परी ज्यान जोगाउन सफल पाँच जना सशस्त्र प्रहरीलाई राहतस्वरूप जनही ५० हजार प्रोत्साहन रकम उपलब्ध गराउने सशस्त्रको निर्णय छ।

बाढीबाट अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा एक लाख, घरबारविहीन भएमा एक लाख र आंशिक रूपमा भौतिक संरचनाको क्षति भएको तथा घाइतेलाई ५० हजारसम्म तत्काल उपलब्ध गराइने सहप्रवक्ता थापाले जानकारी दिए।

सशस्त्र प्रहरीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा महानिरीक्षकदेखि जवानसम्मका तर्फबाट १५ करोड ५० लाख रकम जम्मा गर्ने निर्णय गरेको छ।

टिमुरेस्थित बोर्डर आउट पोस्ट र सुरक्षा बेस मैलुङमा कार्यरत रही बाढीमा ज्यान जोगाउन सफल भएका सशस्त्र प्रहरीको हकमा भने रकम कट्टा नगरिने भएको छ।